कर्णाली प्रदेश सरकार

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशु अस्पताल तथा पशु सेवा कार्यालय, सुर्खेत

## प्रस्ताव आह्वानको सूचना

**पहिलो पटक प्रकाशित मिति :- २०८३।०६।०१**

यस कार्यालयको चालु आ.व. २०८३।८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखीत कार्यक्रमहरु संचालन गर्न ईच्छुक सुर्खेत जिल्लाका कृषि व्यवसायमा संलग्न कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म, कम्पनी, उद्यमीहरुवाट निवेदन पेश गर्नका लागी यो सुचना प्रकाशन गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस कार्यालयमा देहायका कागजात संलग्न राखी निवेदन पेश गर्न हुन अनुरोध छ । निवेदन पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो लगतै कार्यालय खुलेको पहिलो दिनलाई सुचनाको अन्तिम म्याद सम्झि निवेदन बुझाउन सकिनेछ।

तपसिल:

| क्र.सं. | कार्यक्रमहरु | ईकाई | परिमाण | बजेट/रकम | कार्यक्रम संचालन हुने क्षेत्र | आवश्यक न्यूनतम मापदण्ड | कार्यालयको लागत साझेदारी प्रतिशत बढीमा | प्रति अनुदानग्राही अनुदान सिमा |
|---|---|---|---|---|---|---|---|---|
| १ | पशुपन्छी फर्महरुमा भकारो सुधार कार्यक्रम | संख्या | ८ | २,००,०००/- (दुई लाख मात्र) | सुर्खेत जिल्ला भरी | कम्तिमा ५ वटा पशुवस्तु अट्ने गोठ | ५०% | अधिकतम २५ हजार |
| २ | खरि बाख्रा प्रवर्द्धन कार्यक्रम (पञ्चपुरी, चौकुने) | पटक | १ | ९,५०,०००/- (नौ लाख पचास हजार मात्र) | पञ्चपुरी न.पा. र चौकुने गा.पा. | कम्तिमा २५ वटा उत्पादनयोग्य बाख्रा | ५०% | २५ बाख्रा भएकोलाई अधिकतम १ लाख ५० हजार सम्म |
| ३ | मागको आधारमा पशुपंन्छीपालनका लागी आवश्यक साना औजार उपकरणमा सहयोग | पटक | १ | ९,५०,०००/- (नौ लाख पचास हजार मात्र) | सुर्खेत जिल्ला भरी | कार्यविधि अनुसार | ५०% | |
| ४ | भैसी प्रवर्द्धन कार्यक्रम भेरिगंगा र चिङ्गाड | पटक | १ | १८,५०,०००/- (अठार लाख पचास हजार मात्र) | भेरिगंगा नगरपलिका र चिङ्गाड गाउँपालिका | कम्तिमा ५ वटा उत्पादनयोग्य भैंसी | ५०% | ५ भैंसी भएकोलाई अधिकतम २ लाख सम्म |
| ५ | वंगुर प्रवर्द्धन कार्यक्रम (विरेन्द्रनगर, वराहताल, लेकवेशी, सिम्ता, गुर्भाकोट) | पटक | १ | १०,७०,०००/- (दश लाख सत्तरी हजार मात्र) | विरेन्द्रनगर नगरपलिका, बराहताल गाउँपालिका, लेकवेशी नगरपालिका, सिम्ता | कम्तिमा ५ माउ वंगुर/सुँगुर | ५०% | ५ वंगुर भएकोलाई अधिकतम १ लाख सम्म |

२०८३।०६।०१

डा. ऋषभ गुरागाँई

वरिष्ठ पशु चिकित्सक

निमित्त निर्देशक

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | गाउँपालिका र गुर्भाकोट नगरपलिका | | | |
| ६ | जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | पटक | १ | | सुर्खेत जिल्ला भरी | कार्यविधि अनुसार | आवश्यक नपर्ने | कार्यविधि अनुसार |

<u>प्रस्तावका साथ सम्मिलित हुनुपर्ने कागजातहरु:</u>

१. रु. १० को टिकट सहितको निवेदन।

२. साविकको जिल्ला पशुसेवा कार्यालय, स्थानिय तहका पशु सेवा शाखा वा सम्वन्धित निकायमा दर्ता भएको कृषि तथा पशुपन्छी फर्म/ सहकारी/ समुह / समितीको प्रमाण पत्रको प्रतिलिपि ।

३. अघिल्लो आ.व. को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी र समुह/सहकारीको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि। समुह तथा सहकारीको हकमा पशुपन्छी वा पशुपन्छीजन्य उत्पादनको वार्षिक कारोवार स्पष्ट खुलेको लेखा परिक्षणको रिपोर्टको प्रतिलिपी पेस गर्नेलाई कार्यक्रममा प्राथमिकता दिइनेछ।

४. आफुले संचालन गर्ने कार्यक्रमको अनुसूचि ३ बमोजिमको विस्तृत कार्ययोजना तयार गरी स्वलगानीको प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्ने छ ।

५. व्यवसायी, समुह, समिति र सहकारीको संचालक समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी ।

६. सहकारी/ समुह / समितीको हकमा निर्णयको प्रतिलिपी ।

७. व्यवसाय सञ्चालन गरेको व्यवसायीको नाममा रहेको जग्गा धनी पुर्जाको फोटोकपी । लिजमा लिई सञ्चालन गरेको भएमा वडा कार्यालयमा दर्ता रेकर्ड भएको १० (दश) वर्षे जग्गा करार सम्झौता र जग्गा धनी पुर्जाको फोटोकपी ।

८. सम्वन्धित स्थानीय तह पशुसेवा शाखाको स्थानीय तहबाट विगतको दुई आर्थिक वर्षमा सोही प्रकृतिको अनुदान नलिएको खुलाइएको र कार्यक्रम संचालनको लागि सिफारीस गरिएको पत्र ।

९. विगतका वर्षहरुमा एका घरका व्यक्तिहरु वा उनीहरुबाट संचालित व्यवसायमा सोही प्रकृतिको कृयाकलापमा कुनै पनि सरकारी निकायबाट अनुदान लिए/नलिएको स्व-घोषणा पत्र पेश गर्नुपर्ने।

१०. जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा समवेश हुन "*कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापना) कार्यविधि २०८१*" को अनुसूचि १७ बमोजिम न्यूनतम मापदण्ड पुरा गरि अनुसूचि १८ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

११. अन्य छुट भएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

<u>नोट:</u>

- क्र.सं. २,३,४ र ५ का कार्यक्रमहरु "*कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२*" बमोजिम र क्र.सं. १ र ६ का कार्यक्रमहरु "*कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१*" बमोजिम संचालन हुनेछ।
- विगत २ आर्थिक वर्षमा कुनै पनि सरकारी निकायबाट सोहि प्रकृतिको कृयाकलापमा नगद तथा वस्तुगत अनुदान लिएकालाई छनौट प्रकृयामा समावेस गरिने छैन। साथै विगत वर्षहरुमा एकै प्रकृतिको अनुदान प्राप्त गरेका कृषकहरुलाई समेत कार्यक्रम संचालनमा प्राथमिकतामा राखिने छैन।
- झुट्टा विवरण पेश गरि निवेदन दिने निवेदकलाई जुनसुकै बेला कार्यक्रम संचालन प्रकृया रद्द गरी "*कृषि तथा सहकारी सम्वन्धि कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" को दफा २८ को उपदफा ३* बमोजिम कारवाही गर्न सकिनेछ।
- थप जानकारीको लागि यस कार्यालयको सुचना पार्टि र वेभ साइट *dold.karnali.gov.np हेर्न*, स्थानीय तह पशु सेवा शाखामा बुझ्न साथै कार्यालयको फोन नं. ०८३-५२३५५६ र ०८३-५२०९३७ मा सम्पर्क गर्न सकिने छ ।

डा. ऋणाभ गुरागाँई
वरिष्ठ पशु चिकित्सक
निमित्त निर्देशक